"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.:- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति : २०८१/०५/२७

## उद्योग/ व्यवसाय दर्ता तथा नविकरण गर्ने सम्बन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९, नगरपालिकाको वित्तिय अधिकारक्षेत्र तर्फ दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने भनी स्पष्ट उल्लेख गरीएको छ। लालबन्दी नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०८१ को दफा ३ मा नगर क्षेत्रमा कुनै पनि उद्योग, व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न नहुने कानूनी व्यवस्था रहेको तथा सोही ऐनेको दफा ८ मा तत्कालीन कानूनी व्यवस्था अनुसार दर्ता भएका तर नवीकरण नगरेका उद्यमी, व्यवसायीले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गर्नु पर्ने उल्लेख गरिएको छ।

यस नगरपालिका क्षेत्रमा रहेका अधिकांश उद्योग, व्यवसाय यस नगरपालिकामा दर्ता नगरी तथा साविकमा दर्ता गरेको व्यवसाय समेत नविकरण नगरी सञ्चालन गरिरहेको पाईएको छ। उक्त प्रकृतिका कार्य कानूनी प्रावधान विपरित हुने भएकोले यस नगर क्षेत्रमा उद्योग, व्यवासय सञ्चालन गरिरहेका उद्योगि, व्यवसायीलाई समयमै आफ्नो उद्योग, व्यवसाय यस नगरपालिकामा दर्ता तथा नविकरण गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्यथा यस नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण नगर्ने उद्योग/व्यवसायलाई नगरपालिकाले ऐनको दफा ३२ बमोजिम विभिन्न कानूनी कारवाही र दण्ड जरीवानाका साथै त्यस्ता उद्योग/व्यवसाय बन्द गर्ने सम्मको कानूनी प्रावधान रहेको व्यहोरा समेत जानकारी गराईन्छ।

(पुनश्चः उद्योग/व्यवसाय दर्ता र नविकरणको लागि आवश्यक कागजातहरु र निवेदन फारमको नमूना यस कार्यालय, सबै वडा कार्यालय र यस कार्यालयको वेभ साइट www. lalbandimun.gov.np मा उपलब्ध छ ।)

गोपाल बहादुर थापा
अधिकृत छैठौं

.............................
प्रमुख प्रशासकीय अधिकृत